कोड नं.NAW/TR/11/02 "रुखरोपौं वन जोगाऔं" पान नं. ६०६०६८५८७

# श्री सयपत्री हरियाली सामुदायिक वन उपभोक्ता समूह

## कावासोती नगरपालिका १४/१६ नवलपरासी

स्था : २०७३

## काठ बोलपत्रद्धारा लिलाम विकी सम्बन्धि सूचना

(तेस्रो पटक प्रकाशित मिति : २०८१/१२/०६)

यस सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वन क्षेत्रवाट आ.व.२०७५/०७६ मा उत्पादन भई समूहको घाटगद्दिमा रहेको निम्न लटहरुको साल तथा अन्य गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विकी गर्नु पर्ने भएकोले तेस्रो पटकको लागी यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएका वन नियमावली २०७९ को नियम १८ बमाजिम सुचिकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर उद्योग तथा प्लाई तथा पर्निचर उद्योगले यो सूचना चितवन पोष्ट राष्ट्रिय दैनिकमा तेस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र प्रत्यक लटको छुटाछुटै बोलपत्र खरिद गरी १६ औ दिन कार्यालय समय भित्र सामुदायिक वन समूहको कार्यालय वा डिबिजन वन कार्यालय नवलपुरमा दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागी समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१) लिलाम विकी हुने वन पैदावारको विवरण :-

| लट नं. | जात /किसिम | ग्रेड | थान | परिमाण | प्रतिईकाई न्यनतम मुल्य | मूल्यांकन रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ११ | साल/गोलिया | A | २ | २९।६७ | १२५०। | ३७०८७५० | | ४०३।३९ |
| | | B | १४ | १३९।३८ | ९००। | १२५४४२। | | ११८।३२ |
| | | C | ५० | २०८।०१ | ६००। | १२४८०६। | | ४३९।६८ |
| | | D | ११ | २६।३३ | ३००। | ७८९९। | | ४८०।०० |
| जम्मा | | | ७७ | ४०३।३९ | | | | १४४१।३९ |
| ११ | अस्ना/ गोलिया | A | १ | १२।५० | ४००। | ५०००। | | |
| | | B | ६ | ५०।३२ | ३००। | १५०९६। | | |
| | | C | ११ | ५५।५० | १००। | ५५५०। | | |
| जम्मा | | | १८ | ११८।३२ | | | | |
| कुल जम्मा | | | | | | ३२०८८०।४९ | ६२४७५। | |
| १२ | साल/गोलिया | A | | | १२५०। | | | |
| | | B | ७ | ६८।८१ | ९००। | ६१९२९। | | |
| | | C | ७४ | ३३२।३५ | ६००। | १९९४१०। | | |
| | | D | १३ | ३८।५२ | ३००। | ११५५६। | | |

अध्यक्ष

टिकाराम महतो

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १४ | ४३९।६८ | | २७२८९५ | ५२६५२। | |
| १३ | साल/गोलिया | A | १ | १७।१९ | १२५०। | २१४८७।५० | | |
| | | B | १० | ९५।२० | ९००। | ८५६८०। | | |
| | | C | ७९ | ३५१।४५ | ६००। | २१०८७०। | | |
| | | D | ८ | १६।१६ | ३००। | ४८४८। | | |
| | | | ९८ | ४८०।०० | | ३२२८८५।५ | ५७४८०। | |

२) बोलपत्र खरिद र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय स्थान

क) बोलपत्र खरिद अन्तिम मिति : २०८१/१२/२१ गते कार्यालय समय सम्म

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति :२०८१/१२/२२ दिनको ठिक ४ :०० बजे सम्म । बोलपत्र खरिद तथा दाखिला गर्ने दिन विदा परेमा सो को भोलिपल्ट खरिद तथा दाखिला गर्न सकिनेछ ।

३) बोलपत्रसाथ कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक वन समूहको कृषि विकास बैंक कावासोती शाखामा रहेको यस समूहको खाता नं. ०४१५२०५३९०४८६०१० मा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ६ महिनाको बैंक ग्यारेण्टि समावेश हुनुपर्नेछ ।

४) बोलपत्र फारम प्रति लटको रु.१०००। पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, डिभिजन वन कार्यालय नवलपुरर कार्यालय बाट खरिद तथा दाखिला गर्न सकिने छ ।

५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दि स्थलमा गई हेर्न सकिने छ ।

६) लिलाममा भाग लिन ईच्छुक व्यक्ति संघसस्था कम्पनि वा फर्म प्रोपाईटरले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि करदाता प्रमाण पत्रको प्रतिलिपि, उद्योग सुचिकृत/नविकरण प्रमाणपत्र प्रतिपि बोलपत्रसाथ पेश गर्नु पर्ने छ । नागरिकता बाहेकका कागजातहरु नियम अनसुार नविकरण भएको हुनु पर्ने छ ।

७)निर्धारित न्यनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति : २०८१/१२/२३ गते .दिनको ११ : ०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ । सो दिन विदा परेमा सो को भोलिपल्ट खोलिनेछ ।

८) वन पैदवार कटान मुछान गर्दा लागेको खर्च, घाटगद्दि सममको ढुवानी र पाईलिङ्ग वापतको सवै संकलन खर्च छुटाछुटै बुझाउनु पर्नेछ ।

९) लिलाम स्विकृत भएको जानकारी प्राप्त भएमा पैतालिस (४५) दिन भित्र साकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर ,संकलन खर्च छुटै बुझाई लिलालमा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नै छ ।

१०) बोलपत्रमा साकार गरिएको सकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

११) रित नपुगी वा म्याद नाघि प्राप्त हुन आएको बोलपत्र उपर कुनैकारवाही हुने छैन ।

१२) बोलपत्र सदर वन वदर गर्ने सम्पूर्ण अधिकार यस सामदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ ।

१३) अन्य कुराहरु प्रचलित ऐन नियममनुसार हुनेछ ।

अध्यक्ष
टिकाराम महतो